जानकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**ढुङ्गा, गिट्टी , बालुवा उत्खनन् / संकलन तथा बिक्री सम्बन्धी पुनः विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः- २०८०।०८।२९)**

यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को (६), सोही ऐनको दफा ६२क (१), ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९, जानकी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ५७, जानकी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १२ र सो सँग सम्बन्धित अनुसूची ११ र जानकी गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्यावधिक प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि यस गाउँपालिका क्षेत्र भित्रबाट बग्ने कर्णाली नदीको तोकीएका क्षेत्रहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन् तथा संकलन र बिक्री सम्बन्धी तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले न्यूनतम ठेक्का अंकमा नघट्ने गरी पुनः विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिद गर्न जानकी गाउँपालिका कार्यालयको नाममा जानकी गाउँपालिका दुर्गौली स्थित **हिमालयन बैंक लि., जानकी शाखामा** रहेको **आन्तरिक राजश्व खाता नम्बर २६४४९१९०१०००१७** मा बोलपत्र दस्तुर रकम जम्मा गर्नु पर्नेछ । बोलपत्र पेश गर्न बोलपत्रदाताहरुले कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा जानकी गाउँपालिका, दुर्गौली स्थित **हिमालयन बैंक लि., जानकी शाखामा** रहेको **धरौटी खाता नं. २६४४९१९०१००२६५** मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ । वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन मान्य अवधि भएको बैंक जमानत ( बिडबण्ड) धरौटी स्वरुप पेश गर्नु पर्नेछ । यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८१ साल जेठ मसान्त सम्म कायम हुनेछ । बोलपत्र खरीद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ । यो बोलपत्र वेबसाईटः- www.bolpatra.gov.np/egp मा हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि जानकी गाउँपालिका कार्यालय, दुर्गौलीको सूचना पाटी, वेबसाईटः- www.janakimunkailali.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र आर्थिक प्रशासन तथा राजस्व शाखा वा फोन नं. ०९१–५०००७७ मा सम्पर्क गर्न सकिनेछ ।

तपसिलः-

| क्र.सं. | आय ठेक्का नं. | ठेक्काको विवरण | कूल नदीजन्य पदार्थ उत्खनन् तथा संकलन (घन मिटर) | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | JRM/IR/02/ 2080/081 | कर्णाली नदीको तोकिएका क्षेत्रहरुबाट (शिवशक्ति सामुदायिक वन देखि पूर्व तिरको घाट, वडा नं. ९ र मुनुवाँ ठाँडा (कालिका सामुदायिक वनको पूर्वतिर ), वडा नं. ९) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् / संकलन तथा बिक्री | २८४०० | ६०,२०,८००।- (अक्षरेपी साठी लाख बीस हजार आठ सय मात्र ।) | ३,०००।- (अक्षरेपी तीन हजार मात्र ।) | २०८०।०९।१८ (03 Jan. 2024) दिनको २:०० बजे । |
| २. | JRM/IR/03/ 2080/081 | कर्णाली नदीको तोकिएका क्षेत्रहरुबाट (रानीकुलो बाँध (Intake) कैलाशेश्वर सामुदायिक वनको सिमानाको घाट, वडा नं. ६, र कैलालेश्वर सामुदायिक वन देखि जगतपुर वनघुसा घाट, वडा नं. ६ ) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् / संकलन तथा बिक्री | ३२८८० | ६९,७०,५६०।- (अक्षरेपी उनान्सत्तरी लाख सत्तरी हजार पाँच सय साठी मात्र ।) | ३,०००।- (अक्षरेपी तीन हजार मात्र ।) | २०८०।०९।१८ (03 Jan. 2024) दिनको २:०० बजे । |

०८-२९

प्रमुख प्रशासकीय अधिकृत

आशिष चौधरी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner